बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ

गण्डकी प्रदेश, नेपाल

२०७३

## कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०५/०८

बेसीशहर नगरपालिका **पशुपन्छी तथा मत्स्य विकास शाखाको** आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रममा रहेको तपशिल अनुसारको कार्यक्रमहरु संचालनका लागि देहाय अनुसारका न्युनतम शर्तहरु पुरा गर्ने इच्छुक कृषक/कृषि फर्म/कृषक समूहहरुले आवश्यक कागजातहरु समावेश गरी यो सूचना प्रकाशन भएको मितिले **३० दिन (२०८२/०६/०७ गते)** भित्र तोकिएको ढाँचामा **पशुपन्छी तथा मत्स्य विकास शाखा**मा आवेदन पेश गर्नुहुन सम्वन्धित सम्पूर्णमा जानकारीको लागि सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

| क्र.सं | कार्यक्रमको नाम | वार्षिक लक्ष्य | अनुदान प्रतिशत/रकम | आवश्यक न्युनतम शर्तहरु |
|---|---|---|---|---|
| १. | गाई/भैसीको गोठ स्थापना तथा मर्मत | १० वटा | अधिकतम ५० प्रतिशत (बढिमा ५० हजार मात्र) | • ३ वा सो भन्दा बढि माउ गाई/भैसीपालन गरेको हुनुपर्ने, |
| २. | भेडा/बाखाको खोर स्थापना तथा मर्मत | १५ वटा | अधिकतम ५० प्रतिशत (बढिमा ५० हजार मात्र) | • १० वा सो भन्दा बढि माउ भेडा/बाखापालन गरेको हुनुपर्ने, |
| ३. | बंगुरको खोर स्थापना तथा मर्मत | ७ वटा | अधिकतम ५० प्रतिशत (बढिमा ५० हजार मात्र) | • ५ वा सो भन्दा बढि वयस्क बंगुरपालन गरेको हुनुपर्ने, |
| ४. | कुखुराको खोर स्थापना तथा मर्मत | ३ वटा | अधिकतम ५० प्रतिशत (बढिमा ५० हजार मात्र) | • स्थानिय/कलर ब्रोइलरको हकमा १०० वटा र ब्रोइलर/लेयर्सको हकमा ५०० वटा पालन गरेको हुनुपर्ने, |
| ५. | गाई/भैसीको मोडेल फर्म स्थापना | १ वटा | अधिकतम ५० प्रतिशत (बढिमा १ लाख ५० हजार मात्र) | • ८ वा सो भन्दा बढि माउ गाई/भैसी पालन गरेको हुनुपर्ने, <br>• नियमानुसार फार्म दर्ता गरेको हुनुपर्ने, |
| ६. | कुखुराको मोडेल फर्म स्थापना | १ वटा | अधिकतम ५० प्रतिशत (बढिमा १ लाख ५० हजार मात्र) | • स्थानिय/कलर ब्रोइलरको हकमा ५०० वटा, लेयर्सको हकमा १००० वटा र ब्रोइलरको हकमा २००० वटा पालन गरेको हुनुपर्ने, |
| ७. | मत्स्य पोखरी मर्मत | ६ रोपनी | अधिकतम ५० प्रतिशत (प्रति रोपनी बढिमा १५ हजार मात्र) | • १ रोपनी क्षेत्रफलमा मत्स्य पालन गरेको हुनुपर्ने, |

डा. सन्दीप बिष्ट
पशु चिकित्सक

"हामी सबैको रहर-सभ्य र समृद्ध बेसीशहर"

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ८. | प्रजनन् सुधारको लागि उन्नत नश्लका बोका वितरण | १८ वटा | अधिकतम ५० प्रतिशत | • १० वा सो भन्दा बढि माउ बाख्रा पालन गरेको हुनुपर्ने, |
| ९. | घुम्ति गोठमा अस्थायी संरचना निर्माण तथा व्यवस्थापन | ८ वटा | अधिकतम ५० प्रतिशत (बढिमा ५० हजार मात्र) | • घुम्ती रुपमा पशुपालन गरेको हुनुपर्ने, • गाई/भैसीको हकमा ५ वटा माउ र भेडा/बाख्राको हकमा ५० वटा पालन गरेको हुनुपर्ने, |
| १०. | सामुदायिक होमस्टे लक्षित कुखुरा विकास कार्यक्रम | ३ वटा | कृषि व्यवसाय प्रवर्द्धन समितिको निर्णय अनुसार | • नियमानुसार दर्ता भएको होमस्टे हुनुपर्ने, • कम्तीमा १०० वटा स्थानिय कुखुरापालन गरेको हुनुपर्ने, |
| ११. | भैसी विकास कार्यक्रम | १ वटा | कृषि व्यवसाय प्रवर्द्धन समितिको निर्णय अनुसार | • नियमानुसार दर्ता भएको कृषक समुह हुनुपर्ने, • कम्तीमा ४० वटा माउ भैसीपालन गरेको हुनुपर्ने, |

**आवश्यक कागजातहरु:**

१. तोकिएको ढाँचामा निवेदन। (पशुपन्छी तथा मत्स्य शाखाबाट उपलब्ध गराइनेछ)
२. नेपाली नागरिकताको प्रतिलिपि।
३. फार्म दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि साथै कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
५. समूह/सहकारी/समितिहरु भएमा सोको निर्णय प्रतिलिपि।
६. फार्म भएको स्थानको लालपुर्जा वा जग्गा भाडामा भए कम्तीमा ५ वर्षको सम्झौता पत्रको प्रतिलिपि।
७. पशुको विमा गरेको विमालेखको प्रतिलिपि।
८. पशुको पूर्ण खोप कार्यक्रम अन्तर्गत खोप लगाएको खोप कार्डको प्रतिलिपि।

**थप जानकारीको लागि पशुपन्छी तथा मत्स्य विकास शाखामा सम्पर्क गर्न सकिनेछ।**
**(९८४५३३०९१५, ९८६०४८३२७३, ९८६८४०६३५३, ९८६७४२१८४६, ९८४७८४८७१९)**

डा. सन्दीप बिष्ट
पशु चिकित्सक

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत